# राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५

लागू भएको मिति : २०७५//३/२४

पहिलो संशोधन मितिः २०७५/१०/१४

दोस्रो संशोधन मिति : २०७८/०१/२५

राष्ट्रिय हितको संरक्षण र प्रवर्धनका लागि नेपालको परराष्ट्र नीति अनुरूप अन्तर्राष्ट्रिय सम्बन्ध एवं कूटनीतिलाई सञ्चालन गर्न मित्रराष्ट्र एवं संयुक्त राष्ट्रसंघलगायत अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संगठनहरूमा नेपालको कूटनीतिक जिम्मेवारी निर्वाह गर्ने राजदूत, स्थायी प्रतिनिधि वा विशेष प्रतिनिधिको नियुक्ति प्रक्रियालाई व्यवस्थित बनाउन वान्छनीय भएकोले नेपाल सरकार, मन्त्रिपरिषद्ले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम "राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५" रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "राजदूत" भन्नाले विदेशी मुलुकमा नेपाल राज्यको प्रतिनिधित्व गर्न कूटनीतिक सम्बन्ध विषयक भियना महासन्धिबमोजिम नियुक्त भई विदेशी राष्ट्राध्यक्ष समक्ष प्रमाणिकृत भएको कूटनीतिक प्रतिनिधिलाई सम्झनु पर्छ । सो शब्दले राजदूतको दर्जा दिई संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था वा क्षेत्रीय संगठनका लागि नियुक्त भएको नेपालको स्थायी प्रतिनिधि वा नियोग प्रमुख वा कुनै खास कामको लागि नियुक्त विशेष प्रतिनिधि समेतलाई जनाउँछ ।

(ख) "नियोग" भन्नाले विदेशस्थित नेपाली राजदूतावास वा स्थायी नियोग वा क्षेत्रीय संगठनलाई जनाउँछ ।

(ग) "मन्त्रालय" भन्नाले परराष्ट्र मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले परराष्ट्र मन्त्रालय अन्तर्गत स्थापना भएका विभाग सम्झनु पर्छ ।

३. **नियुक्तिको प्रक्रियाः**

(क) राजदूत नियुक्ति प्रक्रियाको प्रारम्भ मन्त्रालयबाट गरिनेछ ।

(ख) मन्त्रालयले राजदूतको सम्भावित उम्मेद्वारहरुको सूची तयार गर्नेछ ।

(ग) मन्त्रालयले सम्भावित योग्य उम्मेद्वारहरुको सूचीबाट प्रारम्भिक छनौट गर्नेछ ।

(घ) राजदूतको रिक्त पदमा नियुक्तिका लागि नेपाल परराष्ट्र सेवाका विशिष्ट वा राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीहरू र मुलुकको परराष्ट्रनीति र अन्तर्राष्ट्रिय

नेपाल सरकार
परराष्ट्र मन्त्रालय

सम्बन्ध एवं कूटनीतिक क्षेत्रमा महत्वपूर्ण दख्खल राख्ने वा योगदान पुऱ्याएका राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट सिफारिस गरिनेछ।

(ङ) राजदूतको पद रिक्त हुनुभन्दा सामान्यतया ३ महिना अगाडि नियुक्तिसम्बन्धी आवश्यक प्रक्रिया शुरू गर्नु पर्नेछ ।

(च) समावेशी सिद्धान्तलाई दृष्टिगत गर्दै राष्ट्रको प्रतिनिधित्व, प्रतिष्ठा र हित प्रवर्द्धन हुने गरी कूटनीतिक क्षमता, विशिष्टिकृत शैक्षिक योग्यता र अनुभवका आधारमा राजदूत नियुक्ति गर्न सिफारिस गरिनेछ ।

तर राजदूत नियुक्ति गर्दा कुल राजदूत पदको ५० प्रतिशतमा नघट्ने गरी नेपाल परराष्ट्र सेवाका राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीका बहालवाला अधिकृतहरुमध्येबाट मन्त्रालयको सिफारिसलाई ध्यानमा राखी मन्त्रिपरिषद्ले निर्णय गर्नेछ ।

(छ) देहायको योग्यता भएको व्यक्ति राजदूतको पदमा नियुक्तिको लागि योग्य हुनेछ।

१. न्यूनतम ३५ वर्ष उमेर पुरा भएको नेपाली नागरिक।

२. नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि हासिल गरेको।

* तर नेपाल सरकारको मन्त्रीको रुपमा सेवा गरिसकेको व्यक्तिको हकमा यो दफा लागू हुने छैन।

३. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको।

४. विदेशी मुलुकको स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त नगरेको।

५. भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको ।

६. नेपालको परराष्ट्रनीति, अन्तर्राष्ट्रिय सम्बन्ध, द्विपक्षीय/वहुपक्षीय कूटनीतिका आयामहरुबारे अनुभव हासिल गरी मुलुकको प्रतिनिधित्व गर्न सक्ने क्षमता भएको ।

७. नियुक्त भई जाने मुलुकमा सम्पादन गर्नु पर्ने प्रमुख कार्यहरु बारे ज्ञान/अनुभव भएको ।

८. अंग्रेजी भाषाको राम्रो ज्ञान भएको ।

९. नियुक्त हुने मुलुकमा कुनै प्रकारको हित बाझिने अवस्था नरहेको।

*दोस्रो संशोधनबाट थप भएको

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

१०. नियुक्ति हुँदाका बखत कुनै अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा कार्यरत नरहेको ।

११. उच्च नैतिक चरित्र भएको।

१२. कालो सूचीमा नपरेको ।

१३. लाभको पद धारण गरी वा नगरी विदेशी राष्ट्रले नियुक्ति गरेको जिम्मेवारीमा कार्यरत व्यक्ति भए सो बाट अवकाश लिएको १० वर्ष पूरा भएको ।

१४. कूटनीति तथा कन्सुलर सम्बन्ध विषयक भियाना महासन्धिहरुमा भएको व्यवस्था एवं अभ्यासबारे ज्ञान भएको ।

**४. संसदीय सुनुवाईः** राजदूतको पदमा नियुक्तिका लागि नेपाल सरकारबाट सिफारिस गरिएका व्यक्तिलाई संसदीय सुनुवाईका लागि मन्त्रालयबाट संघीय संसद सचिवालय समक्ष लेखी पठाईनेछ ।

**५. सम्बन्धित मुलुकको सहमतिः** संसदीय सुनुवाइबाट अनुमोदन भएका राजदूत पदमा नियुक्तिका लागि सिफारिस उम्मेद्वारका बारेमा सम्बन्धित मुलुकको सहमति (एग्रीमो) का लागि मन्त्रालय मार्फत लेखी पठाउनु पर्नेछ ।

**६. नियुक्तिः** सम्बन्धित मुलुकबाट सहमति प्राप्त भएमा नेपाल सरकारबाट राजदूत पदका लागि सिफारिस भएका व्यक्तिलाई राष्ट्रपतिबाट राजदूत पदमा नियुक्ति गरिनेछ । सहमतिका लागि सम्बन्धित मुलुकमा लेखी पठाएको ६ महिनासम्म पनि सहमति प्राप्त नभएमा सो ठाउँमा नेपाल सरकारले अर्को योग्य उम्मेद्वारको सिफारिस गर्नेछ ।

**#७. शपथ ग्रहणः** राजदूतले अनुसूची -१ बमोजिमको ढाँचामा प्रधानमन्त्री समक्ष शपथ ग्रहण गर्नुपर्नेछ। शपथ ग्रहणको एक प्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्को प्रति मन्त्रालयमा राखिनेछ ।

**८. पदावधिः**

क) राजदूतको पदावधि नियोगमा हाजिर भएको मितिले ४ (चार) वर्षको हुनेछ।

ख) नेपाल सरकारले आवश्यक ठानी निर्णय गरे बाहेक राजदूतको पदावधि थप हुने छैन ।पदावधि थप गर्नु परेमा सोको कारण र औचित्य खुलाई मन्त्रालयले नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्नु पर्नेछ।

ग) नेपाल सरकारले आवश्यक ठानेमा राजदूतलाई पदावधि पूरा हुनु अगावै निर्णय गरी फिर्ता बोलाउन सक्नेछ।

**९. राजदूतको कर्तव्यः**

# पहिलो संशोधनबाट थप भएको

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

(क) राजदूतले मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हित संरक्षण एवं सम्वर्द्धन गर्नु प्रमुख कर्तव्य हुनेछ ।

(ख) राजदूतले पदीय मर्यादालाई ख्यालमा राखी कूटनीतिक व्यवहार गर्नु पर्नेछ ।

१०. **कार्यविवरणः** राजदूतको कार्यविवरण मन्त्रालयले तोकेबमोजिम हुनेछ।

११. **नियन्त्रण र निर्देशनः**

(क) राजदूतले मन्त्रालयको सामान्य निर्देशनमा रही कार्य गर्नुपर्नेछ ।

(ख) मन्त्रालयले समय समयमा दिएको कूटनीतिक, आर्थिक एवं प्रशासनिक नीति निर्देशनको पालना गर्नु राजदूतको कर्तव्य हुनेछ ।

१२. **प्रतिवेदनः** राजदूतले महत्वपूर्ण विषयमा तत्काल र अन्य विषयमा नियमित प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. **आचार संहिताः** मन्त्रालयले राजदूतका लागि आचारसंहिता बनाई लागू गर्नेछ ।

१४. **राजदूतको भ्रमणः** राजदूतले नियोग रहेको शहरभन्दा बाहिर वा विदेशमा रात विताउने गरी भ्रमण गर्दा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

१५.**राजदूतको वर्गिकरणः** अन्तर्राष्ट्रिय प्रचलन र भियना महासन्धि विपरित राजदूतको वर्गिकरण हुनेछैन।

१६. **कार्यसम्पादन मूल्यांकनः** मन्त्रालयले कार्यविवरणका आधारमा राजदूतको कार्य सम्पादनको मूल्यांकन गर्नेछ।

१७. **तलबभत्ता तथा अन्य सुविधाः**

क) राजदूतको तलव नेपाल सरकारका राजपत्रांकित विशिष्ट श्रेणीका कर्मचारीको तलव बराबर हुनेछ।

(ख) राजदूतले नियोगमा हाजिर भएको मितिबाट सो पदको तलबभत्ता पाउनेछ ।

ग) राजदूतको वैदेशिक भत्तालगायत अन्य सुविधा नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

१८. बिदासम्बन्धी व्यवस्थाः

(क) नेपाल परराष्ट्र सेवाका कर्मचारी राजदूतमा नियुक्ति हुँदा निजामती सेवा ऐन तथा नियमावली बमोजिम बिदा पाउनेछ ।

(ख) नेपाल परराष्ट्र सेवा बाहिरबाट राजदूत नियुक्ति हुनेले सञ्चित नहुने गरी नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारीले पाए सरहको विदा पाउनेछ।

(ग) एक पटकमा लगातार ३० दिनभन्दा बढी बिदा बस्दा बढी अवधिको वैदेशिक भत्ता पाउने छैन ।

१९. परामर्श सम्बन्धीः

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

(क) मन्त्रालयले आवश्यकता हेरी राजदूतलाई परामर्शका लागि नेपाल बोलाउन सक्नेछ।

(ख) मन्त्रालयले आवश्यकता हेरी उपयुक्त क्षेत्रीय मुकामहरुमा वा काठमाडौंमा राजदूतहरुको सम्मेलन गर्नेछ ।

२०. **राजदूत पद रिक्त हुने अवस्थाः**

क) निजले परराष्ट्र मन्त्रीमार्फत नेपाल सरकारसमक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

ख) निजको पदावधि समाप्त भएमा,

ग) नेपाल सरकारले निर्णय गरी फिर्ता बोलाएमा,

घ) आतिथेय मुलुकले कूटनीतिक रुपमा अप्रसन्नता व्यक्त गरेको कारणले मन्त्रालयको सिफारिसमा नेपाल सरकारले फिर्ता बोलाएमा,

ङ) निजको मृत्यु भएमा।

२१. **पुनर्नियुक्तिः** राजदूतको रूपमा हाल कार्यरत मुलुकमा अर्को पदावधिको निरन्तरता हुने गरी पुनर्नियुक्ति गरिने छैन।

२२. **बरबुझारथः** राजदूतको पदावधि समाप्त भएपछि अनिवार्य रूपमा नियोग उपप्रमुख वा निजको अनुपस्थितिमा तत्काल उपलब्ध कूटनीतिक कर्मचारीलाई नियमानुसार बरबुझारथ गर्नु पर्नेछ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

अनुसूची-१

## पद तथा गोपनियताको शपथ

म.............................................मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै राष्ट्रिय हितको प्रवर्द्धन, संरक्षण एवं संबर्द्धन गर्न मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी व्यक्तिगत स्वार्थभन्दा माथि उठी आफू प्रमाणीकृत भएको मुलुक/संस्थामा राजदूत/स्थायी प्रतिनिधि पदको कामकाज प्रचलित कानूनको अधीनमा रही इमानदारीका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दाबाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्नेछैन ।

मिति २०७.../........./.......

नाम, थरः..........................

सहीः..................................

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं